आज मिति २०८२ साल जेठ महिनाको २१ गतेका दिन बिहान ८.३० बजे यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री टिकाराम पाण्डेज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

अध्यक्ष- श्री टिकाराम पाण्डे

उपाध्यक्ष- श्री निरमाया तरामु

सदस्य- श्री अर्जुन कनौजे

सदस्य- श्री खड्गविर थापा

सदस्य- श्री जित वहादुर तरामु

सदस्य- श्री पिताम्वर ज्ञवाली

सदस्य- श्री बाबुराम ज्ञवाली

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकबहादुर बुढाथोकी

सदस्य- श्री होम बहादुर राना

सदस्य- श्री पतिराम वि.क.

सदस्य- श्री झना परियार

सदस्य- श्री माया कुमारी वि.क.

सदस्य- श्री सृजना कुमाल

सदस्य- श्री कमला पचभैया काउचा

सदस्य- श्री टोपली राना

सचिव- श्री कमल प्रसाद भुसाल

आमन्त्रित:

श्री नेत्र प्रसाद पाण्डे, प्रशासन शाखा ।

श्री कपिल चन्द्र इन्जिनियर

श्री धन ब. थापा

श्री कविता गौतम ज्ञवाली

श्री निर्मला थापा (कम्प्युटर अपरेटर)

बैठक संख्या: १३ मिति २०८२/०२/२९ गतेका प्रस्तावहरु

प्रस्ताव नं.१- अघिल्लो बैठकको समीक्षा सम्वन्धमा।

प्रस्ताव नं.२- योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा।

प्रस्ताव नं.३- सामुदायिक विद्यालयमा ICT र पुस्तकालय कार्यक्रम छनोट सम्वन्धमा।

प्रस्ताव नं.४- सामुदायिक विद्यालय व्यवस्थापन अनुदान सम्वन्धमा।

प्रस्ताव नं.५- सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कोष सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं.६- गाउँसभाको मिति तोक्ने सम्बन्धमा।

प्रस्ताव नं.७- विविध सम्बन्धमा।

क) छत्तिनवोटदेखि कुमालडाँडासम्मको मो.वा.मर्मतको रकम भुक्तानी सम्वन्धमा ।

ख) लक्षित वर्ग (दलित, जनजाती)को रकम बाँडफाँट सम्वन्धमा ।

ग) खेलकुदमा सहभागीहरुको खर्च भुक्तानी सम्वन्धमा ।

घ)वडा नं. २ का विपिन पाण्डेलाई उपचार खर्च उपलव्ध गराउने सम्वन्धमा ।

ङ)चेहेमी सिंचाई कुलो निर्माणको लागि रकम उपलव्ध गराउने सम्वन्धमा ।

च)चोरकाटे चिदीपानी सडक स्तरोन्नति कार्यको म्याद थप गर्ने सम्वन्धमा ।

CamScanner

बैठक संख्या. १३ मिति २०८२/०२/२९ गतेका निर्णयहरु

निर्णय नं. १-प्रस्ताव नं.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा छलफल गर्दा मिति २०८२/०१/०२ मा बसेको बैठकको बारेमा समीक्षा गरियो।

निर्णय नं. २-प्रस्ताव नं.२ योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा छलफल गर्दा कुनै कुनै शाखा र वडाको हालसम्मको प्रगति न्यून रहेकोले तदारुकताकासाथ काम गरी समयभित्रै उच्च प्रगति प्राप्त गर्न सुझाव दिने निर्णय गरियो ।

निर्णय नं. ३-प्रस्ताव नं. ३ सामुदायिक विद्यालयमा ICT र पुस्तकालय कार्यक्रम छनोट सम्बन्धमा छलफल गर्दा ICT कार्यक्रमको लागि श्रीराम मा.वि. अस्लेवालाई रकम रु.६,५०,०००/ उपलब्ध गराउने र श्री नवदुर्गा आ.वि. लिम्घालाई रकम रु.६,५०,०००/ उपलब्ध गराउने तथा पुस्तकालय कार्यक्रमको लागि जनता मा.वि. अस्लेवा लाई रकम रु.६,५०,०००/ उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४-प्रस्ताव नं.४ सामुदायिक विद्यालय व्यवस्थापन अनुदान सम्वन्धमा सम्वन्धमा छलफल गर्दा तपसिल अनुसारका विद्यालयहरुलाई तपसिल अनुसारको रकम अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | श्री भानु आधारभूत विद्यालय वडा नं.- ३ | १,००,०००/ | |
| २ | श्री गणेश आधारभूत विद्यालय वडा नं.-६ | ८०,०००/ | |
| ३ | श्री गोगलपुर आधारभूत विद्यालय वडा नं.-३ | १,००,०००/ | |
| ४ | श्री सत्यवती माध्यमिक विद्यालय वडा नं.-५ | १,७०,०००/ | |
| ५ | खैरेनी आधारभूत विद्यालय वडा नं.-६ | ५०,०००/ | |
| | जम्मा | ५,००,०००/ | |

निर्णय नं. ५-प्रस्ताव नं.५ सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कोष सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो । यसको साथै गाउँपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी, गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक र स्वास्थ्यकर्मी सबैले १ दिनको पारिश्रमिक शैक्षिक गुणस्तर सुधार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ६-प्रस्ताव नं.६ गाउँसभाको मिति तोक्ने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिकाको सत्रौ गाउँसभा मिति २०८२/०३/१० गते ११ वजे वस्ने निर्णय गरियो ।

निर्णय नं. ७- विविध सम्वन्धमा।क) छतिनवोटदेखि कुमालडाँडा मन्दिरसम्मको मो.वा.मर्मतको रकम भुक्तानी सम्वन्धमा छलफल गर्दा वर्षाको समयमा आवत जावतमा समस्या भई खाल्डा खुल्डी पुर्न मिस्कट र गिट्टी वालुवा प्रयोग गरेवापतको रकम रु.३१,९००/सडक मर्मत सम्भार शीर्षकवाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

ख) लक्षित वर्ग (दलित, जनजाती)को रकम बाँडफाँट सम्बन्धमा छलफल गर्दा लक्षित वर्ग(दलित,जनजाति)का व्यक्तिहरुबाट प्राप्त माग निवेदनको तपसिल अनुसारका व्यक्तिहरुलाई तपसिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नामथर ठेगाना | रकम रु | सामग्रीहरु |
|---|---|---|---|
| १ | श्री कृष्ण ब. परियारको समूह सत्यवती-५ | ५० हजार | पोषाक खरिद |
| २ | श्री माइको धान ट्रस निर्माण सत्यवती-५ | १ लाख २५ हजार | |
| ३ | श्री शिवलाल वि.क.सामाजिक भाँडा खरिद सत्यवती-३ | ७५ हजार | सामाजिक भाँडा खरिद |
| ४ | श्री राम बहादुर कामी आरन सामग्री खरिद सत्यवती-२, धुसेनी | ८५ हजार | आरन सामग्री खरिद |
| ५ | श्री टुका दमाईको समूह वडा नं.२ | ९८ हजार | पञ्चेवाजा खरिद |
| ६ | श्री ध्रुव परियारको समूह वडा नं.६ | ८५ हजार | पञ्चेवाजा खरिद |
| ७ | श्री पतिराम वि.क.वडा नं. ३ | १५ हजार | रुख काट्ने मेसिन |
| ८ | श्री नेवा समाज, खैरेनी वडा नं. ६ | १ लाख ५० हजार | बाजा खरिद |
| ९ | श्री विष्णु दमाईको समूह वडा नं.६ | ८५ हजार | पञ्चेवाजा खरिद |
| १० | श्री दलित सचेतना आमा समूह वडा नं. ३ मञ्जु सुनारको समूह | ५० हजार | सामाजिक भाँडा खरिद |

ग) खेलकुदमा सहभागीहरुको खर्च भुक्तानी सम्वन्धमा छलफल गर्दा दोश्रो मुसिकोट मेयर रनिङ्ग कप, २०८२ मा सहभागी खेलाडीहरुको खाना, खाजा तथा यातायात खर्च वापतको रकम रु.२५,०००/ खेलकुद कार्यक्रम शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

घ) वडा नं. २ का विपिन पाण्डेलाई उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा छलपल गर्दा विपिन पाण्डेको मिति २०८१/११/०६ गतेका दिन मोटरसाइकल दुर्घटनामा परी टाउकोमा गम्भिर चोट लागि उपचार गरिरहेको र निजको आर्थिक अवस्था एकदमै कमजोर रहेको भनी वडा कार्यालयको सिफारिस र निजको निवेदन प्राप्त भएकोले तत् सम्वन्धमा वुझ्दा व्यहोरा साँचो भएकोले रकम रु.७०,०००/भैपरी शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

ङ) चेहेमी सिंचाई कुलो मर्मतको लागि रकम उपलब्ध गराउने सम्वन्धमा छलपल गर्दा यस गाउपालिका वडा नं. २ मा रहेको चेहेमी सिंचाई आयोजना जल उपभोक्ता समितिलाई कुलो निर्माणको लागि रकम रु.५५,०००/ सिंचाई कार्यक्रम शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो।

च) चोरकाटे चिदीपानी सडक स्तरोन्नति कार्यको म्याद थप गर्ने सम्वन्धमा छलफल गर्दा सरस्वती एण्ड जानकी कन्स्ट्रक्सन प्रा.लि. र यस कार्यालयविच मिति २०८१/०८/०६ मा उक्त कार्य गर्ने गरी ठेक्का सम्झौता भएको र सडक विस्तार गर्दा व्यक्तिगत घरजग्गा परी विवाद समाधान गर्न समय लागि तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको भनी म्याद थपको लागि निवेदन प्राप्त भएकोले उक्त व्यहोरा उपयुक्त भएकोले मिति २०८२/०२/१५ देखि मिति २०८२/०३/१५ सम्म म्यांद थप गर्ने निर्णय गरियो ।